५ मकहाँ आऊ...

यस अध्यायका मूल पदहरू: **मत्ती ११:२०-३०, मत्ती ५:५, व्यवस्था १८:१५, गलाती ५:१, प्रस्थान १८:१३-२२ र गलाती ६:२।**

यस अध्यायको मूल सार पद: **"हे सबै परिश्रम गरेर थाकेका र बोझले दबिएका हो (वा पीडितहरू हो), मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८ रूपान्तरित)।**

मत्ती ११:२०-२८ पढ्नुहोस्, जहाँ प्रभु येशूले यो वचन, प्रतिज्ञा वा वाचा दिनुभएको थियो जुन अचम्म र मिठो छ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु (रूपान्तरित)।" हामीमध्ये को समयसमयमा थकान र पेलानमा परेका छैनौं र? हाम्रो काम, परिश्रमले थाक्ने वा पेलानमा पर्ने, वा कामको बोझले हामीलाई भारी हुने त आफ्नै ठाउँमा छ, तर जीवन निर्वाह गर्न हामीले सामना गर्नुपरेका अनेकौं भारी संघर्षहरू र जतिसुकै परिश्रम वा काम गरेतापनि अनेकौं थरीका अभावै अभाव भएको कसले महसुस गरेका छैनन् र? यहाँ येशूले यो स्वीकार गर्नुभएको छ कि हाम्रो जीवनमा ती संघर्षहरू हुन्छन् (अझ चौथो आज्ञामा त "तिमीले काम गर्नु वा परिश्रम गर्नु", आदमलाई "तिमीले पसिना बहाएर मेहनत गर्नु" भन्ने परमेश्वरको सुझाव होइन आदेश नै हो-अनुवादक)। हामी कुन परिस्थितिमा गुज्रिरहेकाछौं सो उहाँलाई थाहा छ। उहाँले हामीलाई सहायता गर्न चाहनुहुन्छ। तर एउटा सर्तमा, त्यो हो यदि हामीले उहाँको सहायताको निम्ति उहाँलाई अनुमति दियौं वा सहायता गर्न दियौं भने।

अनि उहाँले हामीलाई उहाँको जुआ बोक भनेर आह्वान गर्नुभएपछि (जबरजस्ती लाड्नुहुन्न) उहाँले भन्नुहुन्छ, "मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ" (मत्ती ११:३०)। उहाँले भन्न खोज्नुभएको तात्पर्य यही हो,

तिमीले आफूले बोकिरहेका जुआ जा जुवा, नोल, अरूको दासत्व वा गुलामी र भारी तथा बोझहरू मकहाँ बिसाऊ र त्यसको ठाउँमा मेरो जुआ बोक, मेरो भारी बोक, यो आफ्नै भनेर बोक किनभने ती मेरा जुआ र भारी तिमीले बोक्न हलुको र सजिलो छ।

यस संघर्षमय जीवनमा येशूले के भनिरहनुभएको छ सो त्यसको व्यक्तिगत अनुभव गरेर उहाँमा कसरी हाम्रो भारी बिसाउने वा उहाँमा विश्राम पाउने? हामी आदमले पाप गरेपछिको संसारमा छौं। परमेश्वरले आदमलाई यो निर्देशन दिनुभएको थियो "माटोमा नफर्कुञ्जेल वा नमरुञ्जेल वा जीवनभरि तिम्रो निधारको पसीनाले कमाएको भोजन तिमीले खानेछौ" (उत्पत्ति ३:१९ रूपान्तरित)। हो हामी परिश्रम गर्दछौं, हामी पेलिएका छौं, आत्मिक, मानसिक, सामाजिक र शारीरिकरूपमा पीडित छौं। हामीले बोकिरहेका भारीहरू बोक्न हामीलाई धेरै कठिन छ, तर यदी हामीलेमात्र बोक्यौं भने।

१. "म तिमीलाई विश्राम, आश्रय वा आराम दिनेछु"

प्रभु येशूले मत्ती ११:२०-२८मा भन्नुभएको वचन पढ्नुहोस्। उहाँले कुन सन्दर्भमा ती वचनहरू उच्चारण गर्नुभएको थियो? येशूले हामीलाई कसरी विश्राम दिनु हुन्छ? हेर्नुहोस्, "२० जुन-जुन सहरमा उहाँका धेरैजसो शक्तिशाली कामहरू गरिएका थिए, उहाँले तिनलाई धिक्कार्न लाग्नुभयो, कारण तिनीहरूले पश्चात्ताप गरेनन्। २१ "धिक्कार तँलाई, ए खोराजीन! धिक्कार तँलाई, ए बेथसेदा! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चात्ताप गरिसक्नेथिए। २२ तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तिमीहरूको भन्दा त टुरोस र सीदोनको हालत बढ़ी सहनीय हुनेछ। २३ ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र? तँ पातालसम्म खसालिनेछस्। किनकि तँमा गरिएका शक्तिशाली कामहरू सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो। २४ तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ।" २५ त्यस बेला येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। २६ हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो। २७ "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई

पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ। २८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।"

बिना सन्दर्भ वा कुनै विषयबस्तुबिना हामी केही पनि बोल्दैनौं न त येशूले नै बोल्नुभयो। उहाँले ती माथिका वचनहरू उच्चारण कुन सन्दर्भमा गर्नुभएको थियो, कुन वातावरणमा गर्नुभएको र किन गर्नुभएको थियो सो बुझ्नु जरुरी छ। नत्रभने येशूको त्यो वचन वा प्रतिज्ञालाई गलत सम्झिन सक्छौं वा गलतरूपमा उपयोग गर्न सक्छौं। त्यसलाई पन्छाउन कुन प्रसङ्ग वा परिप्रेक्ष्यमा बोल्नुभएको थियो सो हामीलाई थाहा हुनुपर्छ।

मत्तीको सुसमाचारमा मत्ती ११लाई आत्मिक मानिसलाई निर्णायक परिवर्तन गर्ने सन्देश छ। गलिलका महत्त्वपूर्ण सहरहरूले सुसमाचार सुनेका थिए। तर त्यसलाई ग्रहण नगर्दा उत्तिखेरै उहाँले तिनीहरूको कठोर न्याय गर्नुभएको थियो। सुसमाचारप्रति तिनीहरूको वैमनश्यता वा वास्ता नगर्ने तिनीहरूको मनस्थितिप्रति उहाँले आक्रोस पोख्नुभएको थियो र आपत्ती जनाउनुभएको थियो। येशूले तितो सत्य बोल्नुहुन्छ। उहाँले मसला हालेर चिप्लो घस्दै अरूलाई खुशी पार्न बोल्नुहुन्न। उहाँले कसैको पक्षपात नगरि बोल्नुहुन्छ। हृदय खोतल्ने र हृदयमा धक्का दिने गरि उहाँ कठोर मानिसहरूको भन्डाफोर गर्नुहुन्छ; आफू "गलत" मानिसहरू वा उहाँलाई मननपराउनेहरूको हुलमुलमा छु भन्ने उहाँलाई थाहा छ (मत्ती ९:९-१३); उहाँले पापहरूलाई क्षमा गर्ने उहाँको अधिकार, अवगात वा दावीलाई त्यसबेलाका धर्मगुरुहरू र अगुवाहरूको निम्ति अत्यन्तै आपत्तिजनक र निन्दनीय थियो (मत्ती ९:१-८)।

ती धर्मगुरुहरू होस् वा सर्वसाधारण श्रोतावर्गहरू होस् उहाँले तिनीहरूलाई अत्यन्तै शक्तिशालीरूपमा दोष लगाउनुभएको थियो। तिनीहरू सोडोमभन्दा गएगुज्रेका वा पतित मानिसहरू हुन् भनेर तिनीहरूको व्यवहारप्रति उहाँले आपत्ती जनाउनुभएको थियो। सोडोम भन्ने नाउँ नै अहिलेको निम्ति पनि दुष्टहरूको थलो थियो भनेर मानिसहरूले सोच्दछन्। उहाँले आफूले पाएको न्यायको अधिकार प्रयोग गरि तिनीहरूप्रति आक्रोस व्यक्त गर्दै भन्नुहुन्छ, "तर म तिमीहरूलाई भन्दछु, न्यायको दिनमा तेरो भन्दा त सदोम मुलुकको हालत बढ़ी सहनीय हुनेछ" (मत्ती ११:२४)।

इस्राएलका उल्लेखनीय गलिलको वरिपरिरहेका सहरका बासिन्दाहरूप्रति येशूले आक्रोस पोख्नुहुँदा उहाँका श्रोतावर्गहरूमा तनाव त

चढिनै रहेको थियो तर त्यसै बीमा उहाँले आफ्नो आक्रोसलाई नरम बनाउँदै आफ्नो भनाइ परिवर्तन गर्नुहुन्छ। ती सबै मानिसहरूलाई आफूले दिने सत्य विश्राम तिनीहरूलाई उपलब्ध गराइएको छ भनेर घोषणा गर्नुहुन्छ। मानिसलाई चाहिने सत्य विश्राम, आराम, चैन उहाँले दिनसक्नुहुन्छ किनकि "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ" (मत्ती ११:२७)। आफ्नो ईश्वरत्व र उहाँ परमेश्वर पितासँग एक हुनुभएको वा मिसिनुभएको कारणको (यूहन्ना १७:२३) आधारमा मानिसलाई चाहिने सत्य वा सक्कल विश्राम दिन उहाँ सक्षम् हुनुहुन्छ।

हामीले बोकिरहेका भारीहरू उहाँमा बिसाउन यो पनि हामी जान्न जरुरी छ कि तिनीहरू हामी एक्लैले बोक्न सक्दैनौं। अझ भनौं भने हामीहरूको सत्य अवस्था नबुझुञ्जेल वा त्यसको महसुस नगरुञ्जेल हामी उहाँकहाँ आउँदैनौं पनि। त्यसकारण येशूले गर्नुभएको आह्वान भनेको हामीलाई महसुस भएको आवश्यकतामा आधारित छ।

उहाँले मत्ती ११:२८मा उच्चारण गर्नुभएको "आऊ" भन्ने शब्द ग्रीक भाषामा निर्देशन हो। यसले उहाँकहाँ आउनुभको बिकल्प छैन भनेर देखाउँदछ। यदि कोही मानिसले आफूलाई विश्रामको खोजि गर्छ भने त्यस विश्रामको आवश्यकतालाई पहिला हृदयदेखि महसुस गर्नुपर्दछ, अनिमात्र उहाँकहाँ "आउन" फलिफाप वा लाभदायक हुन्छ। येशूले गर्नुभएको "आऊ"मा हामीले हाम्रो जीवनलाई येशूमा समर्पित गरेर उहाँबाट नै परिचालित हुन आवश्यक ठान्नुपर्दछ। हामीहरूको सबै परिस्थितिलाई उहाँकै हातमा सुम्पनुपर्दछ। आजको युगमा हामीले हामीलाई अनेकौं तत्वहरूले नियन्त्रण गरिरहेको हुन्छ जस्तै मोबाइल, टेलिभिजन, अनेकौं दर्शन, विभिन्न वादहरू, राजनैतिक र सामाजिक सञ्जाल आदि र ती तत्वहरूलाई नै हामीले प्रयोग गरेर हामीले हाम्रा जीवनलाई नियन्त्रणमा पनि राख्न सक्छौं। यस्तो परिस्थितिमा येशूकहाँ आउनुभनेको हाम्रो प्राकृतिक स्वभाव नै होइन भनेपनि हुन्छ। अझ भनौं भने कतिपय इसाई भनाउँदाहरूको जीवनमा सबै थोक येशूलाई सुम्पनु अत्यन्तै कठोर र कठिन भएको भएको पाइरहेको छ।

हामी कुराहरू गर्न, प्रचार गर्न, बाइबलकै बारेमा अरूलाई भाषण दिन धेरै मन पराउँछौं, त्यो त ठिकै हो। परमेश्वरको बारेमा, येशूको बारेमा र उहाँले हामीलाई के गर्नुभयो सो बारेमा, हामी आफ्नै धर्मकर्मले मुक्ति पाउँदैनौ

भन्ने जस्ता शिक्षादीक्षाको चर्चा गर्न मनपराउँछौं होला। त्यो सबै ठिक हो। तर अन्तमा आएर हाम्रो चेतना वा विवेकलाई प्रयोग गरेर उहाँकहाँ आउने आत्मनिर्णय हामीलाई नै सुम्पिएको छ। उहाँले जबरजस्ती हामीलाई तान्नुहुन्न वा तान्न खोज्नुपनि हुन्न। तर जब हामी उहाँकहाँ आउँछौं तब हामीहरूको शरीर, आत्मा, दिमाग र हृदयलाई उहाँमा नै समर्पण गर्नु आवश्यक छ। यहाँ नै विवेकको स्वतन्त्रताको वास्तिविकताको पहिचान हुन्छ र यो स्वइच्छाको आत्मनिर्णय नै सकली तथा पक्का इसाई जीवनको केन्द्रविन्दु हो।

अहिले तपाईंले के बोझ वा भारीहरू बोकिरहनुभएको छ? तिनीहरूलाई येशूमा बिसाउन कसरी सिक्नुहुन्छ र उहाँले दिनुहुने विश्रामको अनुभव तपाईंले कसरी गर्नुहुन्छ? यो पनि याद गर्नुहोस्, त्यही विश्राम तपाईंलाई दिन येशूले आफ्नो ईश्वरीय जीवनको मोल नै चुकाउन राजी हुनुभएको थियो।

२. "मेरो जुआ तिमीले बोक"

मत्ती ११:२९,३० पढ्नुहोस्। हाम्रो सबै भारी उहाँमा बिसाऊ र हामीले सत्य विश्राम पाउनेछ भनेर आह्वान गर्नुभएपछि येशूले उहाँको जुआ वा भारी बोक भनेर किन हामीलाई आदेश दिनुहुन्छ? हेर्नुहोस्, "२८ "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु। २९ मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ।"

उहाँले पहिलो आदेश "आऊ" भनेर मत्ती ११:२८मा सम्बोधन गर्नुभएपछि मत्ती ११:२९मा दुई थप आदेशहरू दिनुहुन्छ। "लेओ" र "सिक" भन्ने दुई आदेशहरूले उहाँका श्रोता वा पाठकहरूलाई उहाँतिर ध्यान दिन उहाँले अपेक्षा गर्नुहुन्छ। उहाँको जुआ, भारी हामीले बोक्नुपर्दछ र उहाँबाट हामी सिक्नुपर्दछ।

परमेश्वर पिता र परमेश्वर पुत्रसँगको अत्यन्तै घनिष्ट सम्बन्ध वा एक आपसमा बुनिनुभएको अवस्थाले (मत्ती ११:२५-२७मा स्पष्ट पार्दछ) जुआ वा भार बोक्नु के हो भन्ने अवधारणालाई प्रभावकारीरूपमा चित्रण गर्दछ। दुवै परमेश्वर पिता र परमेश्वर पुत्र एकभएर मानव प्राणीलाई मुक्ति दिन काम गरिरहनुभएको छ। यदि जुआ समर्पित जीवनको प्रतिक हो (हेर्नुहोस् यर्मिया २७) भने, यो एउटै लक्ष्यको निम्ति एकसाथ भएर मिलेर काम गर्ने चित्रण पनि हो। उहाँको जुआ, उहाँको लक्ष्य, उहाँको चाहना र योजनामा हामी अर्पित भएर उहाँले हामीलाई दिनुहुने कामलाई स्वीकार्दै हाम्रा वरिपरिरहेकाहरूलाई

आशिष दिन सक्रिय हुनुनै उहाँको भार बोक्नु हो। उहाँको जुआ वा भार हामीलेमात्र बोक्ने होइन तर उहाँसँगै बोक्नु हो। जब उहाँसँग एक भएर उहाँको महिमाको निम्ति काम गर्दछौं तब उहाँले पनि त्यो भार हामीसँगै बोक्नुहुन्छ। उहाँसँगको हातेमालो, मिलोमत्तो वा हाम्रो काँधमा उहाँको जुआ राख्दा त्यो जुआ "सजिलो" र उहाँको भार "हलुको" हुन्छ (मत्ती ११:३०)।

"मबाट सिक" भन्ने दोस्रो आदेशले माथिको धारणालाई झन पुष्टि गर्दछ। ग्रीक क्रियापद "सिक" भन्ने शब्द "चेलापन"सँग जोडिएको छ। जब हामी उहाँबाटै सिक्दछौं तब हामी उहाँको सच्चा र पक्का चेला हुन जान्छौं। चेलापनको चरित्र वा गुण भनेकै आज्ञाकारी हुनु र समर्पित हुनु हो।

"बोझले दविएको वा पेलान भएको" (मत्ती ११:२८) र उहाँको जुआ वा भारी बोक्नुको बीचमा के भिन्नता छ (मत्ती ११:२९)?

यहूदी धर्ममा जुआ भन्दा परमेश्वरको व्यवस्थालाई पालन गर्न जनाउँछ। प्रेरित १५:१०मा पत्रुसले यसरी सम्बोधन गर्दछन्, "१० यसकारण चेलाहरूका काँधमा यो जुवा राखिदिएर किन परमेश्वरको परीक्षा गर्नुहुन्छ? यो जुवा न त हाम्रा पिता-पुर्खाले न हामीले बोक्न सक्यौं।" यहाँ पत्रुसले खतनाको विधिको बारेमा चर्चा गरिरहेका थिए। त्यसको बिपरित गलाती ५:१मा पावलले यसरी बताउँदछ, "स्वतन्त्रताको निम्ति ख्रीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दृढ़ो भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर।" त्यसको अर्थ व्यवस्था वा विधिविधानहरूको बन्धनमा परेर मुक्ति पाउने कोसिस नगर भनेर उनले भन्दछन् किनकि येशूले हामीलाई त्यसबाट स्वतन्त्र गर्नुभएको छ। येशूले बोक्नुभएको जुआ हामी पनि मिलेर बोक्नु भन्ने अवधारणाले उहाँको कदममा उहाँजस्तै आज्ञाकारी भए समर्पित जीवन बिताउनु भन्ने कुरालाई जोड गर्दछ जसको फलस्वरूप उहाँको लक्ष्यमा हामी भाग लिन्छौं वा सहभागी हुन्छौं। क्रूसमा येशूले जे गर्नुभएको थियो त्यसमा हामीले केही थप्नुपर्छ भन्ने आशा हामी गर्न सक्दैनौं वा सोच्न पनि सक्दैनौं तर उहाँका दूतहरू भएर हाम्रो वरिपरिरहेकाहरूलाई उहाँको सुसमाचार बाँड्न सक्छौ। उहाँको लक्ष्यमा उहाँसँगै सहभागी हुनु भनेकै उहाँको जुआ वा भारी बोक्नु हो। येशूले डाँडामा सम्बोधन गर्नुभएको उपदेश जुन मत्ती ५-७मा छ त्यसमा उहाँले व्यवस्था वा दश आज्ञाहरूको व्याख्या फरिसी वा यहूदी धर्मगुरुहरूको भन्दा कडा छ। प्रभु येशूले ती उपदेशहरूमा हाम्रो हृदयको शल्यक्रिया गर्नुहुन्छ र हाम्रा नियतहरू आमूल परिवर्तन भएको उहाँले अपेक्षा गर्नुहुन्छ। ती उपदेशहरू कतिको निम्ति भारी र पालन गर्न नसक्ने हुनसक्छ तर उहाँसँग

मिलेर ती उपदेशहरू हामीले पालन गर्न सक्यौं भने त्यो भार सजिलो र हलुको हुनसक्छ (मत्ती ११:३०)। अर्थात् येशूभक्तको जीवनमा वा इसाई भनेर दावी गर्नेहरूमा येशूको उपस्थित भएन भने ती उपदेशहरू तिनीहरूलेमात्र बोक्न खोजेको हुन्छ र त्यो भारी हुन्छ तर उहाँसँग बोकिएको ती उपदेशहरू वा जुआ हलुको र सजिलो हुन्छ (मत्ती ११:३०)।

प्रभु येशूले दिनुभएको प्रतिज्ञा अत्यन्तै अचम्मको छ! तपाईंहरूको आत्मालाई उहाँले बिश्राम दिनुहुन्छ रे! के तपाईंले त्यो विश्रामको अनुभव गर्नुभएको छ? उहाँमा विश्राम पाउनु भनेको कस्तो रहेछ? हाम्रो नजर उहाँमामात्रै राखेर हिँड्दा र उहाँले हामीलाई प्रदान गर्नुभएको आशिषहरूलाई हामीले उपभोग गर्दा उहाँमा पाउने विश्रामको अनुभव कसरी गर्न सक्छौं?

३. "म विनम्र र कोमल हृदयको छु"

नम्र, दयालु, भद्र,स्थीर, शिष्ट, कोमल, शान्त र उदार स्वभाव हुनु आजको युगमा गौरवमय, किम्मत वा मूल्य भएको गुण ठानिन्दैन। ती गुणहरू कतिको निम्ति त अनौठो नै हुन्छ। आफ्नो भाऊ खोज्न जुनसुकै कदम पनि चाल्न उत्सुक हुने धार्मिक, राजनैतिक र पारिवारिक परिवेशमा विनम्र हुने, झुक्ने र वेइज्जतलाई निल्न सक्ने गुण भएका मानिसलाई तल्लो दर्जा वा मामुलीको रूपमा हेरिन्छ र अझ त्यस्तो मानिस कतिपयको निम्ति हाँसोको पात्र पनि हुन्छ। ठूलो स्वर गर्न, हल्लीखल्ली गर्न, तमासा देखाउन, तडकभडक वा भड्किलो हुन, अरूलाई दवाउन, कठोर तथा निरङ्कुस र फाइफुट्टी लगाउन सामाजिक सञ्जाल जस्तै टेलिभिजन, मोबाइल, पुस्तकहरू र समाचारहरूले हामीहरूलाई उक्साइरहेको हुन्छ। साँच्चिक्कै वा पक्कापक्कीरूपमा भन्ने हो भने आजको संसारको चालचलन वा मापदण्डको विपरित परमेश्वरले मूल्यवान ठहर्नुभएको चरित्र र हामीमा हुनुपर्ने उहाँको जस्तो ईस्वरीय स्वभाव हुन्।

"सत्य ज्ञान, वौद्धिक क्षमता (वा ठूला ठूला डिग्रीहरूमा अर्थात् पण्डित्याइँमा) भरपर्दैन, बरू शुद्ध लक्ष्यमा चल्न चाहना, सरल इमान्दारीपना र विश्वासमा भरपर्दछ। जो मानिसहरू नम्र र कोमल हृदय भएर परमेश्वरको अगुवाइ खोज्छन्, तिनीहरूकहाँ उहाँका स्वर्गदूतहरू नजिकै आउँछन्। तिनीहरूको दिमागमा सत्यका ढुकुटीहरू भरिदिन तिनीहरूलाई पवित्र आत्मा दिइएको हुन्छ।"-एलेन जी ह्वाइट, *क्राइस्ट अबजेक्ट लेसनस्,* पृ. ५९बाट रूपान्तरित।

कोमल हुनु, नम्र हुनु, भद्र हुनु, झुक्नु जस्ता परमेश्वरले उहाँका भक्तहरूमा हुनुपर्ने गुणहरूलाई देहायका केही पदहरूले कसरी बुझाउन खोजिएको छ? मत्ती ५:५ "धन्य नम्रहरू, किनभने तिनीहरूले पृथ्वीको अधिकार पाउनेछन्।", भजन ३७:११ "नम्रहरूले देश अधिकार गर्नेछन्, र महान् शान्ति उपभोग गर्नेछन्।", १ पत्रुस ३:४ "तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा साह्रै मूल्यवान् छ।" र यशैया ५७:१५ "सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ।"

"खीष्टको नम्रता र कोमलता" भनेर पावलले २ कोरन्थी १०:१ मा सम्बोधन गर्छन्। आफ्नै खुट्टामा उभिन नसक्ने मानिसहरूलाई नम्रता, भलाद्मीपन वा भद्रपना घचेटेर लादिने गुणहरू होइन। कतिपय समयमा येशू आफैले उहाँका विरोधीको सामु मुखामुख गर्नुभएन र प्रायजसो त्यसबाट परै बस्नु भएको थियो किनभने उनको लक्ष्य पूरा भएको थिएन (यूहन्ना ४:१-३)। तर आफ्नो विरोधीहरूको सामना गर्न वाध्यनै हुनुपर्दा उहाँले निडर भएर सामना गर्नुभएको थियो। फेरि त्यसैबखत उहाँ दयालु र कोमल भएर बोल्नुभएको थियन। उहाँलाई क्रूसमा टाँगिनुभन्दा पहिला यरुशलेमको बारेमा बिलाप गर्नुहुँदा उहाँले श्रापले चिच्याउनुभएको थिएन बरू विध्वंस भविष्य देखेर आँखाबाट आँशु झार्दै शब्द चित्रण गर्नुभएको थियो (लूका १०:४१-४४)।

नयाँ करारमा येशूलाई दोस्रो मोशा भनेर प्रायजसो चित्रण गरेको पाइन्छ। उहाँको राज्यका नीतिहरू प्रस्तुत गर्दा उहाँ पहाडैबाट गर्नुभएको थियो (मत्ती ५:१)। उहाँले ठूलो भिडहरूलाई चमत्कारसाथ खाना ख्वाउनुभएको थियो (मत्ती १४:१३-२१)। गन्ती १२:३मा मोशालाई "नम्र" भनेर चित्रण गरेको छ जुन मत्ती ११:२९मा त्यसको प्रतिध्वनी देखिएको छ। ५०००लाई ख्वाउने समयमा मानिसहरू अचम्म मान्दै भनेका थिए, "उहाँ साँच्चिक्कै यस संसारमा आउनेवाला अगमवक्ता हुनुहुन्छ" (यूहन्ना ६:१४)। व्यवस्था १८:१५ र मोशाको अगमबक्ताको भूमिकाले त्यस भनाइको पुष्टि गर्दछ।

तर येशूको नम्रता र कोमलता मोशालाई स्पष्टरूपमा माथ गर्दछ। आखिरमा, येशू हाम्रो ईश्वरीय उद्धारकर्ता हुनुहुन्छ। आफ्ना जनहरूलाई बचाउन मोशाले आफ्नो ज्यान दिन तयार भएका थिए (प्रस्थान ३२:३२), तर उनको मृत्युले केही उपलब्धी हुने थिएन किनभने मोशा आफै पापी थिए र

उनलाई मुक्तिदाताको आवश्यकता थियो जो उनका पापहरूलाई बोक्नु पर्थ्यो। मोशा र उनको जीवनबाट हामीले धेरै कुराहरू सिक्न सक्छौं तर उनमा हामी मुक्ति पाउँदैनौं।

बरू त्यसको सट्टामा हामीलाई मुक्तिदाताको आवश्यकता छ जो हाम्रो बदलीमा उभिनुहुन्छ अर्थात् केवल हाम्रो निम्ति बिन्ती गर्नेमात्र होइन हाम्रो बदलीमा मर्नुहुने मुक्तिदाता। बिन्तिभाऊ वा प्रार्थना गर्नु जरुरी त छ तर हाम्रो पाप क्रूसमा बोक्नुहुने वा हाम्रो पापको दण्ड भोग्नुहुने परमेश्वरलेमात्र हाम्रो पापको न्यायीक नतिजाबाट हामीलाई मुक्त गर्न सक्नुहुन्छ। त्यसैकारण येशू जतिसुकै हाम्रो महान् अनुकरणीय उदाहरण हुनुभएतापनि यदि उहाँ क्रूसमा चढ्नुभएन र पुनरुत्थान हुनुभएन भने हामीले पाउने मुक्ति भनेको व्यर्थ हुन जान्छ।

४. "मेरो जुआ हलुको छ"

येशूले भन्नुभयो, "मेरो जुवा सजिलो छ, र मेरो भारी हलुको छ।" (मत्ती ११:३०)। "जुआ" भन्ने शब्द मत्तीले प्रयोग गर्दा यहूदीहरूको धर्मलाई बुझाउँछ जसमा धेरै विधिविधान वा रितिथितिहरू हुन्छन्। नयाँ करारमा व्यवस्था वा परमेश्वरको दश आज्ञालाई गलत रूपमा बुझाएको भनेर पनि यो शब्द प्रयोग गरिएको छ।

मत्ती ११:३०मा उल्लेख गरिएको शब्द "सजिलो" ग्रीक भाषामा "असल, रमाइलो, उपयोगी र हितैषी" भनेर अनुवाद गर्न सकिन्छ। धेरै इसाईहरूले परमेश्वरको व्यवस्था वा दश आज्ञाहरू भारी छन्, त्यसलाई पालन गर्न कठिन छ र अहिले त्यसको उपयोग महत्त्वपूर्ण छैन भनेर सिकाउँछन्। दश आज्ञाको सौन्दर्यतालाई तिनीहरूले पत्ता लगाउन् भनेर तिनीहरूलाई हामीले कसरी सिकाउने साथै व्यवस्था दिनुहुने परमेश्वरलाई प्रेम गर्न कसरी जागरण गराउने?

आफ्ना छोराछोरी बच्चामा पहिलो कदम चालेको बाबुआमाले सधैं सम्झिरहेको हुन्छ। लरबबरिएको खुट्टाले पहिलो पल्ट टेक्छ, अनि अलिअलि गरेर अघि बढेको त्यसपछि लरबरिँदै ढलेको बाबुआमाले रमाइलो नै मानेर हेरिरहेको हुन्छ। कोहीले त गाऱ्हो मान्दै आँशु पनि झारेको हुन्छ र सायद लडेर घाऊ पनि हुनसक्छ। तर जब बालकले आफू चल्न स्वतन्त्र भएको अनुभव गरेपछि ऊ उठ्दै बस्दै गरेको हुन्छ। हिँड्छ, लड्छ, उठ्छ, हिँड्छ, लड्छ र फेरि उठ्छ। जबसम्म बच्चा राम्रोसँग हिँड्न सक्दैन तबसम्म यस्तो

हिँड्ने, लड्ने, उठ्ने प्रक्रिया जारी भइरहेको हुन्छ। यस प्रक्रियामा पनि बालकले गौरबसाथ हँसिलो हुँदै चिच्याउन सक्छः "बुबामुमा, म हिँड्न सक्छु!"

येशूसँग हिँड्न सधैं सजो हुनसक्छ भन्ने छैन। तर यो जहिले पनि असल र ठीक कुरो हो। हामी लडिबुडी खेलौंला; हामी लड्न पनि सक्छौं; यद्यपि, हामी फेरि उठेर निरन्तररूपमा उहाँसँग र उहाँतिर हिँड्न सक्छौं।

पावलले गलाती ५:१मा लेख्दछन्, "स्वतन्त्रताको निम्ति खीष्टले हामीलाई स्वतन्त्र पार्नुभएको छ। यसकारण दह्रा भएर खड़ा होओ, र फेरि दासत्वको जुवामुनि नपर।" यसको अर्थ के हो? खीष्टले हामीलाई कसबाट र कसरी स्वतन्त्र गर्नुभयो? येशूले बोक्नुभन्नुभएको जुआ र पावलले "जुआको दासत्व"बाट अलग रहन चेतावनी दिएको बीचमा के भिन्नता छ?

"दासत्वको जुआ" भनेर पावलले सम्बोधन गरेका परमेश्वरको व्यवस्थालाई औंल्याएको होइन भनेर हामी निश्चित छौं (किनकि अर्को पदमा उनले खतनाको बारेमा उल्लेख गर्दछन् जसले यो देखाउँदछ कि उनले यहूदी धर्मको खतना वा रितिथितिलाई सम्बोधन गरेको देखाउँछ-अनुवादक)। बरू त्यसको बिपरित विश्वासद्वारा जब हामी परमेश्वरको आज्ञा पालन गर्छौं तब हाम्रो बुझाइमा भएको मुक्ति सुरक्षित भएको मान्दछौं। हामीहरूले व्यवस्था पालन वा धार्मिक विधिविधानहरू पालन गरेर होइन तर येशूको हामीलाई ओढिने धार्मिकताले गर्दा हामी सहीरूपमा विश्राम र स्वतन्त्र पाउन सक्छौं।

परमेश्वरको व्यवस्थालाई पालन गर्दा हामी धेरै चैन वा विश्राम भएको किन अनुभव गर्छौं जब त्यसलाई अवज्ञा गर्दा आउने झंझटहरू भन्दा पनि?

५. "मेरो भारी हलुको छ"

मत्ती ११:३०मा येशूले प्रयोग गर्नुभएको वाक्यको अन्तिम हरफमा भारीको चित्रण गर्नुभएको छः "मेरो जुआ सजिलो छ र मेरो भारी हलुको छ।"

जब मिश्रदेशबाट निस्केर लाल समुद्ध इस्राएलीहरूले तरेका थिए त्यस पछि आफ्नो ससुरा यित्रोलाई देखेर मोशा औधि खुशी भएका थिए। एक आपसको भार उठाउनु भन्ने धारणा यस कथमा कसरी चित्रण गरिन्छ? हेर्नुहोस्, प्रस्थान १८:१३-२३ "१३ भोलिपल्ट मोशा मानिसहरूका निम्ति न्याय गर्नलाई बसे। मानिसहरूचाहिँ बिहानदेखि बेलुकासम्म मोशाको वरिपरि आए। १४ मोशाले मानिसहरूका निम्ति गरेका सबै काम मोशाका ससुराले देखेर तिनलाई सोधे, "यो तिमीले मानिसहरूका निम्ति गरेको के काम हो? किन तिमी मात्र न्याय

गर्न एकलै बसिरहन्छौ, र मानिसहरूचाहिँ बिहानदेखि बेलुकासम्म तिम्रो वरिपरि उभिरहन्छन्?" १५ मोशाले आफ्ना ससुरालाई भने, "मानिसहरू मद्वारा परमेश्वरको इच्छा बुझ्न आउँछन्। १६ तिनीहरूको केही विवाद छ भने तिनीहरू मकहाँ आउँछन्, र कुनै मानिस र त्यसको भाइबन्धुको बीचमा म न्याय गरिदिन्छु, अनि म तिनीहरूलाई परमेश्वरका विधिविधानहरू बताइदिन्छु।" १७ मोशाका ससुराले तिनलाई भने, "तिमीले गरेको यो काम ठीक भएन। १८ तिमी घोटिनेछौ– तिमी र तिमीकहाँ आउने यी सबै मानिसहरू। किनभने यो काम तिम्रो निम्ति साह्रै चर्को छ। तिमीले यो काम एकलै गर्न सक्नेछैनौ। १९ मेरो कुरा सुन, म तिमीलाई केही सल्लाह दिनेछु, र परमेश्वर तिमीसित रहून्। तिमीचाहिँ परमेश्वरको अगि मानिसहरूका प्रतिनिधि भएर तिनीहरूका मुद्दा उहाँको सामु लैजानू। २० तिमीले तिनीहरूलाई विधिविधानहरू सिकाउने गर्नू, र तिनीहरूले जिउने तरीका र गर्नुपर्ने कर्तव्य तिनीहरूलाई सिकाइदिनू। २१ तर सबै मानिसहरूमध्येबाट परमेश्वरको भय मान्ने, योग्य मानिसहरू चुन। तिनीहरू अनुचित फाइदा घिनाउने ईमानदार व्यक्तिहरू होऊन्। तिनीहरूलाई हजार-हजार, सयसय, पचास-पचास र दश-दशमाथि नायक हुनलाई नियुक्त गर। २२ तिनीहरूले हरसमय मानिसहरूका न्यायकर्ता भएर सेवा गरून्। सबै ठूला-ठूला मुद्दाहरूचाहिँ तिनीहरूले तिम्रो सामु ल्याऊन्, तर साना-साना मुद्दाहरूचाहिँ तिनीहरूले नै इन्साफ गरून्। यसरी तिमीलाई सजिलो पर्नेछ, किनकि तिनीहरूले पनि तिम्रो भार बाँड्नेछन्। २३ तिमीले यो उपाय गऱ्यौ भने र परमेश्वरले पनि यही आज्ञा तिमीलाई दिनुभयो भने, तिमी टिक्न सक्नेछौ, र यी सबै मानिसहरू पनि आफ्नो-आफ्नो घरमा चित्त बुझेर जानेछन्।"

बिहानदेखि बेलुकासम्म मानिसहरू न्याय माग्न इस्रायलीहरू मोशाकहाँ आउँथे भनेर प्रस्थान १८:१३मा उल्लेख गरिएको छ। जब मोशाका ससुराले यो दृश्य देख्छन् त यो भएन भनेर आफ्नो ज्वाईंलाई सुनाउछन्। उनले एउटा प्रणाली बसाल्न मोशालाई सरसल्लाह दिन्छन्। मोशाले ठूलो ठूलो मामिलाहरू हेर्ने र अरू सानातिना मामिलाहरू हेर्न अगुवाहरू छानेर तिनीहरूले छिनुन् भनेर यित्रोले भन्छन्। त्यसको अर्थ मोशाले नियक्ति गरिएका अगुवाहरूमाथि भरोसा राखेर तिनीहरूले जे गर्छन् ठीकै गर्छन् भन्ने कुरामा उनी विश्वस्त हुनुपर्ने देखाएको थियो। बाइबलले भन्दछ कि मोशाले आफ्नो ससुरा यित्रोको सल्लाह मान्छन् र मोशालाई राहत दिने प्रणालीलाई कार्यन्वयन गर्दछन्।

जब आफ्नो भार हलुको छ भनेर येशूले हामीलाई भन्नुभएको थियो तब उहाँमाथि भर पर्न उहाँले हामीलाई याद दिलाउनुहुन्छ। आखिरमा हाम्रो

सबै भार बोक्ने उहाँ नै हुनुहुन्छ। मोशाले जस्तै हाम्रा भारहरू अरूलाई बाँड्न सिक्नुपर्दछस। भारहरूलाई बाँड्ने वा अरूलाई पनि बोकाउने भन्ने कुरा पावलले १ कोरन्थी १२:१२-२६मा येशूको शरीरको चित्रण गरेर हामीलाई बुझाउँछन्। हाम्रो शरीरको भार बोक्न हाम्रो शरीर काम लाग्ने हुनुपर्छ। हामीलाई खुट्टा, हात, काँध, माँसपेसी र हाडहरू सबै चाहिन्छ यदि हामीले कुनै भार बोक्नुपर्छ भने। हाम्रा शरीरका सबै अङ्गहरूको सहयोगले हामीले भार बोक्दछौं।

एक आपसको भार बोक्दा खीष्टको व्यवस्था पूरा हुन्छ भनेर गलाती ६:२ ले हामीलाई कसरी औंल्याउँछ? हेर्नुहोस्, "एउटाले अर्काको भार उठाओ, र यसरी खीष्टको व्यवस्था पूरा गर।"

कुन तत्काल सन्दर्भमा यो अंश लेखिएको हो सो बुझ्न सके पावलले यहाँ औंल्याएको बुझ्न मद्दत हुन्छ। उनले गलाती ६:१मा भन्दछन्, "भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो वा परिक्षमा पऱ्यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ।" मत्ती ११:२९मा येशू कोमल र नम्र हुनुभएको देखाउँछ। उहाँको अनुसरण गर्न हामीलाई आह्वान गरिएको त छ नै। भार बोक्नु भनेको अर्को अर्थ हो कि कोही मानिस बाट बिराएर कतै गयो भने उसलाई परमेश्वरको अनुग्रह देखाउन सहयोग गर्नुपर्दछ। फेरि कठीन परिस्थितिमा एक आपसलाई सहयोग पनि गर्नु पर्ने देखाउँछ। भारी भन्ने शब्द ग्रीक भाषामा ठूलो भारी वा ढुङ्गा पनि हुन्छ। हामी सबैले भारी वा बोझहरू बोक्दछौं र एक आपसमा ती बोक्न सहयोग गर्नुपर्छ भनेर उपर्युक्त पदले हामीलाई याद दिलाउँछ। विश्वासीहरूको बीचमा वा चर्चमा बोझलाई एक आपमा बाँडफाँड गर्नु भनेको चर्चमा परमेश्वरले नै खटाउनुभएको क्रियाकलाप हो। त्यसको निम्ति एक आपस नम्र हुनुपर्दछ र कोमल हुनुपर्दछ जसको नतिजाले करुणा वा दया फलाउँछ।

तपाईं कुनै बोझले संघर्ष गरिरहुनभएको छ तर कसैले त्यसलाई बोकेर तपाईंलाई राहत दिएको अन्तिम पटक कहिले हो, सो सम्झनुहोस्। कसैले त्यो गर्दा तपाईंको निम्ति कतिको हलुको भएको अनुभव गर्नुभएको थियो? अहिले तपाईंले कसको बोझ बोक्न सहयोग गर्न सक्नुहुन्छ?

उपसंहारः

थप जानकारीः "जब तपाईंले आफ्नो काम एकदम गान्होभएको अनुभव गर्नुहुन्छ, जब तपाईंमा कठिन भएको, दुःखकष्ट भएको भनेर गुनासो गर्नुहुन्छ, कुनै पनि परिक्षा वा शैतानले ल्याउने वाधाहरूको सामना गर्न तपाईंमा बल छैन भनेर तपाईं भन्नुहुन्छ, जब तपाईंमा भएको अधैर्यता, रिस, झोंक आदिलाई जित्न सक्नुभएको छैन भनेर महसुस गरिरहनुभएको छ र इसाई जीवन अत्यन्तै परिश्रम गरेर माथि जानुपर्नेरहेछ भन्ने मनस्थितिमा तपाईं हुनुहुन्छ भने खीष्टले तपाईंलाई नदिएको बोझ वा जुआ बोकिरहनुभएको त छैन भनेर सोच्नुहोस्; यदि प्रभुले तपाईंलाई नदिनुभएको जुआ वा बोझ बोकिरहनुभएको छ भने तपाईंले अरू स्वामीको भार वा जुआ वा जिम्मेवारी बोकिरहनुभएको छ।"- एलेन जी ह्राइट, चाइल्ड गाइडेन्स, पृ. २६७बाट रूपान्तरित।

"निरन्तररूपमा चनाखो भएर बस्न र जोशिलो, भित्रीमनदेखि नै परमेश्वरको प्रिय भक्त भएर बस्ने आवश्यकता छ। तर यस खालको वातावरण मानिसमा स्वःत आउँदैन यदि विश्वासद्वारा परमेश्वरको शक्तिले उसलाई थामी राखेको छैन भने। हामी आफै केही गर्न सक्दैनौं, अहँ कुनै पनि काम वा केही पनि गरेर परमेश्वरको निगाहा पाउन सक्दैनौं। हामी आफैमा भरोसा राख्नु हुँदैन वा असल काम गरेर आफू कति राम्रो छु भनेर परमेश्वरको सामु हामी आफूलाई उभ्याउन सक्दैनौं। जब हामी गल्ती गर्ने पापी मानिसहरू खीष्टकहाँ आउँछौं तब हामी उहाँको प्रेममा आराम वा विश्राम पाउँछौं। क्रूसमा टाँगिएका मुक्तिदाताको गुण र पूण्य काममा विश्वास र भरोसा राख्दै प्रत्येक जना परमेश्वरकहाँ आउँछ भने उहाँले उसलाई उहाँको मायाको पोल्टोले बेर्नुहुन्छ वा ग्रहण गर्नुहुन्छ। उसको हृदयमा प्रेमको झरणा बहन्छ। एकदम आवेश, उत्तेजना, भावुक भएर जोशले त्यो व्यक्ति नउफ्रेला, उन्माद अर्थात् उफार्ने आत्मिक जागरण जस्तो भावनाहरू नहोला तर येशूलाई विश्वास गर्दा वा उहाँमाथि आस्था राख्दा उहाँको शान्ति उसमा रहन्छ र जुनसुकै परिस्थितिमा पनि उहाँमाथि भरोसा राख्ने मनस्थिति त्यस व्यक्तिमा हुनेछ। उहाँमा प्रत्येक बोझ हलुको छ; उहाँसँग सहकर्मी भएर काम गर्न राखिदिएको जुआ सजिलो छ। यस वातावरणमा काम कर्तव्य वा जिम्मेवारी रुचिपूर्वक गर्दछ र त्यसमा उसलाई आनन्द लाग्न सक्छ। परमेश्वरको निम्ति त्याग गर्नु नै उसको निम्ति रमाइलो र मजा हुन आउँछ। विगतको समयमा आफू हिँड्ने बाटो अन्धकार जस्तो देखिएतापनि धार्मिकताको सूर्यको चमकले त्यो बाटो उसको निम्ति उज्यालो हुनेछ। यहि नै ज्योतिमा वा आत्मज्ञानको आनन्दमा

हिँड्नु हो। किनभने येशू खीष्ट आफै ज्योति हुनुहुन्छ र आत्मज्ञानको भन्डार हुनुहुन्छ।"-एलेन जी ह्वाइट, फेथ एण्ड वर्कस, पृ. ३८,३९बाट रूपान्तरित।

चिन्तनमननः

अ. तपाईँले येशूमा पूर्ण समर्पित भएर उहाँसँग हिँड्नुभएको क्षण के तपाईँलाई थाहा छ? तपाईँले किन उहाँलाई समर्पण गर्नुभयो त्यो सोच्नुहोस्।

आ. येशूको प्रार्थना मत्ती ११:२५-२७मा लेखिएको पढ्नुहोस्। हामी अनुग्रहको ज्ञान कसरी आर्जन गर्ने? किन परमेश्वरले मुक्तिको योजना बुद्धिमान, समझदार, वुद्धिजीवि, चलाक आदिबाट गोप्य राखेर बालकहरूलाई प्रकट गर्नुभयो? हेर्नुहोस्, "२५ त्यस बेला येशूले भन्नुभयो, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढ़ाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। २६ हो, पिता, किनकि तपाईंलाई यही असल लाग्यो। २७ "मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ। पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ।"

इ. व्यवहारिकरूपमा भन्नुपर्दा हाम्रा वरिपरि रहेका मानिसहरूले बोक्नुपरिरहेका भारहरूलाई हलुका पार्दै तिनीहरूलाई येशूकहाँ ल्याएर उहाँमा विश्राम दिन कसरी लगाउने?

ई. हृदयमा कोमल र नम्र हुनु भनेको के हो त्यसबारे सोच्नुहोस्। के स्वाभिमान वा आफ्नो खुट्टामा आफै उभिरहेको छु भन्ने अभिमान गर्ने मानिसको निम्ति त्यो खराब गुण देखिन्दैन र? कोही मानिस शङ्का वा परमेश्वरमा विश्वास नगर्न संघर्ष गरिरहेको सामु हामी विश्वास गर्दा के त्यसले ऊभन्दा हामी आफूलाई राम्रो ठान्नु हुँदैन र? येशूले भन्नुभएको अनुसार कोमल र नम्र हुनु भनेको के हो भनेर क्रूस र त्यसले प्रतिनिधित्व गर्नेले हामीलाई सिकाउँदैन र? अर्थात् क्रूसको मुनि रहेर यदि हामी उहाँका भक्तहरू हौं भनेर दावी गर्छौं भने हामीमा नम्रता र कोमलता हुनुभनेको उचित मनस्थिति होइन र?

कथा ५
स्याहार्ने व्यक्ति नै निको पार्ने व्यक्ति हुनपुगे
नानेट ओर्टिज, ५३, आरिजोना, अमेरिका

होलब्रुक सेभेन्थ-डे एडभेन्टिस्ट इन्डियन स्कूलमा धेरै दर्जन किशोरीहरूको डीन वा तिनीहरू रहने आवासगृहको संचालिका हुनु कस्तो होला?

जब म होलब्रुकमा पहिलो पल्ट आएँ तब मैले लिलीलाई भेटें। १७ वर्षकी त्यस केटीले मलाई तुरन्तै हजुरआमा भनेर माया गर्न थालेकी थिइन्। आवासगृहमा मलाई सहयोग गर्न धेरै इच्छुक थिइन्। उनले बराबर सोध्थिन्, "यो हप्तामा रोटी पकाउन के म सघाउन सक्छु? के कक्षाकोठाको चकबोर्डमा बाइबलको पद लेख्न सक्छु?"

स्कूलको सुरुमा एउटा प्रश्न उनले गरेको अझसम्मै याद छ, "के तपाईंलाई थाहा छ अघिल्लो वर्षमा मैले दुई पल्ट कबुलनामामा सही गर्नुपरेकोथियो?

उनले के भनिरहेकी थिइन् मैले सोच्न थालें। अघिल्लो वर्ष उनी अत्यन्तै उदासिन भएकोले आफ्नो शरीरमा चोट पुऱ्याउन वा आत्महत्या गर्न उनले प्रयास गरेकी थिइन्। आफूलाई केही नराम्रो काम गर्नुभन्दा पहिले कसैसँग सहायता माग्ने कबुल उनले गर्नुपरेको थियो। होलब्रुक स्कूलमा आउने धेरै किशोरीहरू मानसिकरूपमा संतुलिन हुँदैन। कति केटीहरू भावनामा चोट लिएर आएका हुन्छन्। तिनीहरूमा कतिपयले त सानैदेखि दुःख पाएर दिकदार भएका हुन्छन्। एक जना दुई कक्षाकी रोजीले आफ्नो बुबालाई मारेको उनले देखेकी थिइन् भनेर मलाई भनेको झलझलती याद आउँछ। एक राती जब म आवासगृह वा होस्टेलको अफिसमा आफ्ना कामहरू सकेर सुत्न जान लागेको थिएँ त्यस सानी बच्ची दगुरेर आएर मेरो काखमा हाम फालिन्। "म त सुत्न सकिँन। मेरो बुबाले मलाई झ्यालबाट हाँस्दै हेरिरहनुभएको मैले देख्छु" त्यस केटीले भनिन्। मैले उनलाई उनको कोठामा लगें, उनीसँग भजन गाएँ र प्रार्थना गरें। त्यस रात मलाई पनि निन्द्रा राम्रोसँग लागेको थिएन। त्यस केटीले कस्तो डरलाग्दो अनुभव गर्नुपरेको होला भनेर मैले सोचिरहें।

म स्कूलमा आएको दुई महिनापछि आफूलाई भयानक र डरलाग्दो सपनाहरूले पेलेको लिलीले मलाई बताइन्। जब उनले आफ्नो दुःख बताइरहेकी थिइन् तब म यस स्कूलमा किन आएको रहेछु भनेर थाहा महसुस

गरें। म पनि किशोरी अवस्थामा त्यस्तै खालको नराम्रो सपनाले मलाई सताउँथ्यो। लिलीसँग बिशेष सम्बन्ध बढाउन परमेश्वरले चाहनुभएको मैले थाहा पाएँ। परमेश्वरको सहायताले उनले देखेका नराम्रो सपनाहरूबाट उनी स्वतन्त्र होउन् भन्ने उहाँले चाहनुभएको थियो। जसरी परमेश्वरले मलाई नराम्रो सपनाबाट स्वतन्त्र पार्नुभयो त्यसरी उनलाई पनि उहाँको शक्तिले स्वतन्त्र पार्न सक्नुहुन्छ भनेर मैले सान्त्वना दिएको थिएँ।

छुट्टीमा कतिपय विद्यार्थीहरू घर जानुको सट्टा स्कूलमै रहन चाहन्छन्। तिनीहरूको घरेलु वातावरण अत्यन्तै विषालु भएकोले तिनीहरू घर जान चाहन्दैनन्।

एक दिन आफ्नी आमासँग त्यस सानी केटी स्कूलमा फर्केकी थिइन्। आवासगृहको ढोका खोलेर मैले उनलाई भित्र ल्याएको थिएँ। उनी एक छिन चुपचाप रहिन् र भनिन्, "आफ्नो घर फर्किनु मलाई कस्तो रमाइलो लागिरहेको छ।"

लिली त घर जाननै मानिन्। आजसम्म पनि यो मलाई थाहा छैन कि उनलाई केले सताइरहेको छ जसले गर्दा उनको हृदय छियाछिया भइरहेको छ। तर उनको कुरा खोतल्ने काम मेरो होइन। किशोरीहरूलाई बिनाशर्त माया देखाउने मेरो काम हो। मेरो काम स्याहार्ने हो र निको पार्ने काम परमेश्वरको हो भनेर म सोच्दछु।

एक दिन लिली र मैले सृष्टिको कथा सँगसँगै पढिरहेका थियौं मैले उनलाई सोधें, "यस स्कूलमा आउनुभन्दा अघि के तिमीलाई यो कथा थाहा थियो?" "अहँ," उनले जवाफ दिइन्। "के तिमीलाई बाइबलको बारेमा थाहा छ? के तिम्रो घरमा वा हजुर आमाको कोठामा बाइबल देखेका छौ?" मैले फेरि सोधें। त्यो पनि उनले देखेकी थिइनन् भनेर उनले भनिन्। जब उनी होलब्रुकमा आइन् त्यसबेलाई उनले बाइबल पहिलो पटक देखेकी थिइन्।

"संसारका धेरै मानिसहरू सृष्टिको कथा दन्त्यकथा हो भनेर सोच्दछन्, तर तिमीचाहिँ के सोच्छौ?" मैले लिलीलाई सोधें। सृष्टिको कथा सत्य हो भनेर उनले भनिन्। "हामीलाई हिसाब सिकाउने हबर्ड सरले कक्षा सुरु गर्नुभन्दा अघि जहिले पनि छोटो उपासना गरेर गर्नुहुन्छ। आजमात्र उहाँले हामीलाई यो सुनाउनुभयो, "कुनै पनि थोक बेथोकबाट अचानक आफै आउन सक्दैन। त्यसको निम्ति सृष्टिकर्ता चाहिन्छ।"

लिली र अरू किशोरीहरूको बीचमा मेरो हुने कुराकानी हुँदा येशूका भक्त पावलले १ कोरन्थी ३:६मा लेखेको याद आउँछ। उनले यो लेखेका थिए, "म बिऊ रोप्छु, आपोल्लोसले पानी दियो, त्यो बिऊ उमार्ने काम परमेश्वरकोमात्र हो" (रूपान्तरित)।